आज मिति २०७८ साल ~~पौष~~ पौष महिनाको ११ गते आइतवार को दिन यस बेसिशहर नगरपालिका नगर कार्यपालिकाका नगर प्रमुख श्री गुमान सिंह अर्याल ज्यूको अध्यक्षतामा नगरपालिकाको ७६ औं बैठक बसी तपसिल बमोजिमको उपस्थितिमा तपसिल बमोजिमको छलफल एवं निर्णय गरियो ।

## उपस्थिति :-

| | | |
|---|---|---|
| १, | प्रमुख | श्री गुमान सिंह अर्याल |
| २, | उप-प्रमुख | श्री लक्ष्मी देवी अधिकारी |
| ३, | प्र. प्र. अधिकृत | श्री हेमनाथ कडेल |
| ४, | वडा अध्यक्ष (१) | श्री बलराम श्रेष्ठ |
| ५, | —"— (२) | श्री गणेश बहादुर कडेल |
| ६, | —"— (३) | श्री सुर्य कुमार श्रेष्ठ |
| ७, | —"— (४) | श्री लाल बीर गुरूङ |
| ८, | —"— (५) | श्री बम बहादुर गुरूङ |
| ९, | —"— (६) | श्री भोज बहादुर रिमाल |
| १०, | —"— (७) | श्री गोविन्द बस्नेत |
| ११, | —"— (८) | श्री पवित्रा थापा राना |
| १२, | —"— (९) | श्री शरद बराल |
| १३, | —"— (१०) | श्री पुर्ण बहादुर थापा |
| १४, | —"— (११) | श्री अच्युत बाबु बगाले |
| १५, | कार्यपालिका सदस्य | श्री विष्णु माया राना |
| १६, | —"— | श्री मन्दिरा दनाई |
| १७, | —"— | श्री देव बहादुर गहतराज |
| १८, | —"— | श्री अजय मजाकोटी |
| १९, | —"— | श्री मन माया गुरूङ |
| २०, | —"— | श्री दोज बहादुर खवास |
| २१, | —"— | श्री कृष्ण नेपाली |
| २२, | —"— | श्री आशा तामाङ |

सहजकर्ता कर्मचारीहरू :-

| | | |
|---|---|---|
| २३, | अधिकृत | श्री विमला गैह्रे |
| २४, | (ना.सु.) सहायकस्तर पाँचौं | श्री गोविन्द बहादुर राउत |

**बेसीशहर नगर कार्यपालिकाको कार्यालय, लमजुङ**
**गण्डकी प्रदेश, नेपाल**

नगर कार्यपालिकाको मिति २०७८ पुस ११ गतेको बैठकका एजेण्डाहरु

- समपुरक तथा विशेष अनुदान तर्फको योजना प्रस्ताव सम्बन्धमा ।
- आगामी आव २०७९।८० को लागि आय व्यय प्रक्षेपण सम्बन्धमा ।
- चालु आ.व.मा सशर्त तर्फ प्राप्त थप कार्यक्रम तथा बजेट सम्बन्धमा
- जनप्रतिनिधिको कार्यकालको समीक्षा सम्बन्धमा ।
- हाते ट्याक्टर खरीद सम्बन्धमा
- मौरीको घार वितरण सम्बन्धमा
- सीपमूलक तालिम सम्बन्धमा (बजेट थप गर्ने समिति गठन गर्ने )
- फुटकर योजना सम्बन्धमा ।
- बालमैत्री वडा घोषणा सम्बन्धमा
- प्रहरी चौकी निर्माण सम्बन्धमा (वडा नं ४ पुरानोकोट)
- वडास्तरीय योजना संशोधन सम्बन्धमा । (वडा नं १०, ५,११,३,४ )
- सवारी साधन सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका सम्बन्धमा
- राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा
- गरीबसंग विश्वेश्वर कार्यक्रम (वडा नं २) को कार्यक्रम छनौट सम्बन्धमा ।
- कर्मचारी कल्याण कोषमा रकम विनियोजन गर्ने सम्बन्धमा ।
- जिल्ला प्रहरी कार्यालयलाई ल्यापटप उपलब्ध गराउने (ड्रोन क्यामरा) बारे
- मालपोत कार्यालयको सुदृढीकरण सम्बन्धमा ।
- नपाको ट्याक्टर फोहरमैला व्यवस्थापनको लागि प्रयोग गर्ने सम्बन्धमा ।
- स्वास्थ्य शाखाको कार्यकक्षको सम्बन्धमा ।
- आलेप शाखा स्थापना सम्बन्धमा ।
- विविध
  - घरभाडा सम्झौताको म्याद थप सम्बन्धमा । (५ नं वडा कार्यालय २०७९ असार मसान्तसम्म)
  - एम्बुलेन्स चालकको सुविधा सम्बन्धमा (२०७८ साउन, भदौ र असोज)
  - मृत कर्मचारीको सहायता सम्बन्धमा
  - कर्मचारीहरुको नीजि मो.सा.को मर्मत सम्भार सम्बन्धमा
  - क्षतिपुर्ति दिने सम्बन्धमा ।
  - नगर प्रहरीको पोशाक सम्बन्धमा ।

## बैठकबाट पारित निर्णयहरु

**निर्णय नं १ : समपुरक तथा विशेष अनुदानतर्फको योजना प्रस्ताव सम्बन्धमा ।**

राष्ट्रिय योजना आयोग सिंहदरबार काठमाण्डौको मिति २०७८/०८/२४ मा प्रकाशित सूचना अनुसार आ.व. २०७९/८० का लागि संघीय समपुरक र विशेष अनुदान अन्तर्गत कार्यान्वयन गरिने आयोजना/कार्यक्रमका लागि यस बेसीशहर नगरपालिकाबाट देहायका आयोजना/कार्यक्रमहरु छनौट गरी आवश्यक प्रस्तावना तथा कागजात सहित माग गर्ने निर्णय गरियो ।

**(क) समपुरक अनुदानतर्फ :**

१. धुरपुरे दिहीथोक विम्दा सितलेस्वाँरा बाखेजगत सडक बेनपा ९ र ५

२.बेसीशहर बाँफाखेत हिले कार्कीडाँडा चिती तिलाहार सडक स्तरोन्नति, बेसीशहर नपा १० र ११

३.भकुण्डे पुरानोकोट सडक स्तरोन्नति बेसीशहर नपा २ र ४

४.कभर्ड हल निर्माण, बेसीशहर नगरपालिका ७

५.उदिपुर नयाँगाउँ सडक स्तरोन्नति बेसीशहर नगरपालिका १

**(ख) विशेष अनुदानतर्फ :**

१.चण्डीस्थान (सारिङ) स्वास्थ्य चौकी भवन निर्माण बेसीशहर नपा ६ (चालु आ.व. २०७८।०७९ मा समावेश भएको)

२.बेसीशहर नगरपालिका क्षेत्रबाट निस्कने फोहरमैला प्रशोधन सम्बन्धी कार्यक्रम

**निर्णय नं २ : आ.व. २०७९।८० को आय व्ययको प्रक्षेपण सम्बन्धमा ।**

यस बेसीशहर नगरपालिकाको आगामी आ.व. २०७९।८० को आय व्यय देहाय वमोजिम प्रक्षेपण गरी पुस मसान्तभित्र संघीय अर्थ मन्त्रालयमा पठाउने निर्णय गरियो ।

**देहाय :**

**आ.व.०७९/८० को आय प्रक्षेपण** (रकम रु. हजारमा)

| सि.नं. | विवरण | आ.व. २०७९। ८० को प्रक्षेपित आय रु. | कैफियत |
|---|---|---|---|
| १ | नगरपालिकाको आन्तरिक आय अनुमान | ५०००० | |
| २ | समानीकरण अनुदान (संघ) | २००००० | |
| ३ | राजश्व बाँडफाँड (संघ) | १५०००० | |
| ४ | सशर्त अनुदान (संघ) | ४००००० | |
| ५ | समपुरक/विशेष अनुदान (संघ) | ४०००० | |
| ६ | समानीकरण अनुदान (प्रदेश) | २०००० | |
| ७ | राजश्व बाँडफाँड (प्रदेश) | १५००० | |
| ८ | सशर्त अनुदान (प्रदेश) | १०००० | |
| ९ | समपुरक/विशेष अनुदान (प्रदेश) | १०००० | |
| १० | अन्य विविध | १५०००० | |
| | **जम्मा अनुमानित आय** | १०४५००० | |

**आ.व.०७९/८० को व्यय प्रक्षेपण** (रकम रु. हजारमा)

| | | | |
|---|---|---|---|
| १ | चालु खर्च | १५०००० | |
| २ | पुँजीगत खर्च | ३३५००० | |
| ३ | सशर्त अनुदान | ४१०००० | |
| ४ | अन्य/विविध | १५०००० | |
| | **जम्मा अनुमानित व्यय** | १०४५००० | |

**निर्णय नं ३ : चालु आ.व.मा सशर्त तर्फ प्राप्त थप कार्यक्रम तथा बजेट सम्बन्धमा ।**

चालु आ.व.२०७८।०७९ मा यस बेसीशहर नगरपालिकामा शसर्ततर्फ देहाय वमोजिमको कार्यक्रम तथा बजेट प्राप्त भएको जानकारी हुनुको साथै प्राप्त कार्यक्रमलाई कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय :

(क) पुरानोकोट गढीमा शान्तिस्तुपा सहितको भ्यू टावर निर्माण- रु.५३,४२,०००।- (त्रिपन्न लाख बयालीस हजार)

(ख) कोभिड १९ मा खटिने कर्मचारीहरुका लागि जोखिम भत्ता-रु. १०,००,०००।- (दश लाख मात्र)

(ग) कोभिड १९ महामारीबाट प्रभावित अति विपन्न परिवार नगद हस्तान्तरण कार्यविधि २०७८ वमोजिम हुने गरी अधिकतम् लाभग्राही परिवार संख्या ५२७ लाई १० हजारका दरले नगद हस्तान्तरण प्रयोजनार्थ- रु. ५२,७०,०००।- (बाउन्न लाख सत्तरी हजार)

(घ) प्रत्येक जिल्लाको सहभागिता हुने गरी १०० वटा स्थानीय तहमा महिला उद्यमशिलता विकास सहजीकरण केन्द्र सञ्चालन रु.२,००,०००।- (दुई लाख)

**निर्णय नं ४ : जनप्रतिनिधिको कार्यकालको समीक्षा सम्बन्धमा ।**

राज्यको पुनर्संरचना पछि भएको बेसीशहर नगरपालिकाको पहिलो निर्वाचनमा निर्वाचित जनप्रतिनिधिहरुको कार्यकालमा भएका समग्र कार्यप्रगतिको समीक्षा प्रतिवेदन तयार गर्ने र सो कार्यको लागि देहाय अनुसारको कार्यदल गठन गर्ने निर्णय गरियो ।

देहाय :

१. संयोजक श्री इमनाथ कँडेल प्रमुख प्रशासकीय अधिकृत बेनपा

२. सदस्य श्री किसानराज चिलुवाल शिक्षा शाखा प्रमुख बेनपा

३. सदस्य श्री प्रेम भट्टराई गैसस महासंघ

४.सदस्य श्री कृष्ण केसी पत्रकार

५.सदस्य सचिव श्री मेघेन्द पोखरेल कार्यक्रम अधिकृत बेनपा

**निर्णय नं ५ : हाते ट्याक्टर (मिनि टिलर) खरीद सम्बन्धमा**

चालु आ.व. २०७८।०७९ को कृषि यान्त्रिकीकरण कार्यक्रम अन्तर्गत विनियोजित रकम रु २८ लाख र गत कार्यपालिका बैठकबाट विनियोजित रु. ३० लाख बाट हाते ट्याक्टर खरीद गरी कृषकहरुलाई वितरण गर्ने कार्यको लागि हाते ट्याक्टर खरीद गर्ने सम्बन्धमा छलफल हुँदा गत आवमा नगरप्रमुखको रोहबरमा सप्लायर्सहरुसंग मूल्य घटाघटको बार्गेनिङ गरी कृषकको रोजाई वमोजिम वितरण गरिएको ट्याक्टरमा

कृषकहरुबाट कुनै पनि गुनासो नआएको र सो कार्यक्रम प्रभावकारी भएको पाइएको हुँदा गत आ.व.मा वितरण गरिएको मोडेलकै हाते ट्याक्टर गत आव कै प्रक्रिया अपनाई खरीद गर्ने र प्रति ट्याक्टर रु २८ हजार नगरपालिकाबाट व्यहोर्ने तथा बाँकी रकम सम्वन्धित कृषकहरुबाट व्यहोर्ने गरी खरिद गरी वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ६ : मौरीको घार वितरण सम्बन्धमा ।**

चालु आव २०७८।०७९ को कृषितर्फको मौरीपालन प्रवर्द्धन कार्यक्रम शिर्षकमा विनियोजित बजेटमध्येबाट १०० वटा मौरीको खालि घार खरिद गरी मौरी पालक कृषकहरुलाई वितरण गर्ने निर्णय गरियो ।

**निर्णय नं ७ : सीपमूलक तालिम सम्बन्धमा ।**

चालु आवमा युवाहरुको लागि विभिन्न सीपमूलक तालिम सञ्चालन गर्न संघीय राजश्वबाट रु १० लाख विनियोजन भएकोमा तालिम लिन इच्छुकहरुको निवेदन अत्याधिक संख्यामा पर्न आएको हुँदा अन्तरिक श्रोतको फुटकर योजना शिर्षकबाट थप रु. २० लाख रकम विनियोजन गर्ने निर्णय गरियो । साथै मापदण्ड निर्धारण गरी सहभागी छनौटको लागि देहाय वमोजिमको ३ सदस्यीय सहभागी छनौट समिति गठन गर्ने निर्णय गरियो ।

१. संयोजक- श्री इमनाथ कँडेल, प्रमुख प्रशासकीय अधिकृत

२. सदस्य- श्री विमला गैह्रे, प्रशासन अधिकृत

३. सदस्य सचिव- श्री मेघेन्द्र पोखरेल, कार्यक्रम अधिकृत

**निर्णय नं ८ : फुटकर योजना सम्बन्धमा ।**

चालु आ.व. २०७८।०७९ मा आन्तरिक श्रोतको फुटकर योजना शिर्षकबाट व्यहोर्ने गरी देहायका फुटकर योजनाहरु छनौट गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

देहाय

| क्र. सं | योजनाको नाम | वडा नं | विनियोजित बजेट रु | कैफियत |
|---|---|---|---|---|
| १ | खहरेखोला नयाँकुलो निर्माण | १ | १००००० | |
| २ | घ्याउसीबास सडक निर्माण | १ | १००००० | |
| ३ | ढाँडगाउँ सडक निर्माण | १ | १००००० | |
| ४ | गैरी-राम्दी सडक (ट्र्याक खोल्ने समेत) | १ | १००००० | |
| ५ | दनाईगाउँ सामुदायिक ट्रस निर्माण | ३ | १००००० | |
| ६ | हटिया सामुदायिक भवन स्तरोन्नति | ३ | १००००० | |
| ७ | बाखेजगत खिर्राबोटे टोल बाटो निर्माण | ५ | २००००० | |
| ८ | राउतगाउँ खानेपानी योजना, सारिङ | ६ | ३००००० | वडास्तरीय ५ लाख समेत गरी कुल ८ लाख कायम भएको |
| ९ | माझथर जाने बाटो निर्माण | ७ | २००००० | |
| १० | बरालचौरदेखि वडा कार्यालय जाने बाटो निर्माण | ९ | २००००० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | कार्कीडाँडा खानेपानी योजना | ११ | १००००० | |
| १२ | तीनपिप्ले चित्रे बानियापँधेरा सडक | ११ | ३००००० | |
| १३ | जनप्रतिनिधिको कार्यकालको समीक्षा सम्बन्धी कार्य | | ३००००० | |
| | जम्मा | | २२००००० | |

**निर्णय नं ९ : बालमैत्री वडा घोषणा सम्बन्धमा ।**

बेसीशहर नगरपालिका वडा नं ६ मा विगत ३ वर्षदेखि बालमैत्री वडा घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन हुँदै आएको र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेको बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ वमोजिमका सूचकहरु अनुगमन समितिबाट अनुगमन हुँदा पुरा गरेको पाइएको हुँदा सम्बन्धित वडा समितिको सिफारिश समेतका आधारमा उक्त वडालाई यही २०७८ पौष १८ गतेका दिन बालमैत्री वडा घोषणा गर्ने निर्णय गरियो ।

**निर्णय नं १० : प्रहरी चौकी निर्माण सम्बन्धमा ।**

सुन्दरबजार नगरपालिका वडा नं ४ स्थित दुराडाँडा मा निर्माण प्रस्ताव गरिएको प्रहरी चौकीबाट यस बेसीशहर नगरपालिका वडा नं ४ समेत लाभान्वित हुने भएकोले उक्त प्रहरी चौकी निर्माणको लागि बेसीशहर नगरपालिकाबाट रु. ४ लाख विनियोजन गर्ने साथै उक्त रकम जिल्ला प्रशासन कार्यायल लमजुङको नाममा रहेको विविध खाता शिर्षक नं मा जम्मा गरिदिने निर्णय गरियो ।

**निर्णय नं ११ : वडास्तरीय योजना संशोधन सम्बन्धमा ।**

चालु आ.व. २०७८।०७९ का देहायको वडास्तरीय योजनाहरुलाई देहाय अनुसार ब्रेक डाउन/संशोधन गरी कार्यान्वयनमा लैजाने निर्णय गरियो ।

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| १.ज्यारखाङ खानेपानी योजना बेनपा ५ (नपास्तरीय) | १५,००,००० | १.डमरु ज्यारखाङ बाखेजगत ग्रामीण सडक स्तरोन्नति बेनपा ५ (ज्यारखाङको पुछार गाउँदेखि उपल्लो गाउँसम्मको सडक खण्ड) | १५,००,००० |
| २. बिक्रम मोटरबाटो मर्मत बेनपा ५ (वडास्तरीय) | ४,००,००० | २. नाल्मा स्यारे सडक बेनपा ५ | ४,००,००० |
| १.विपद व्यवस्थापन/विविधि योजना वडा नं ३ | ५,७७,००० | १.मेलमिलाप भाँडा समुह भवन निर्माण बेनपा ३<br>२.काफ्ले ट्रस निर्माण बेनपा ३ | १०००००<br>५०००० |
| १. विपद् तथा फुटकर योजना बेनपा १० | ५,००,००० | १.श्री ऊं बहु आमा समुह मिल खरीद चितुवावन<br>२.देउजनथोक बुद्धिराम गुरुङको बर्षादले जोखिम घर आँगन संरक्षण<br>३.लोंगु भिर ढलानमा रेलिङ निर्माण | ६००००<br>५००००<br>५०००० |

| साविकको योजना | विनियोजित बजेट | हाल कायम गरिएको योजना | विनियोजित बजेट |
|---|---|---|---|
| | | ४. वडा कार्यालयका लागि प्लाष्टिक कुर्ची खरिद<br>५.भोटेफाँटदेखि डाँडागाउँसम्म थर्नुघर गोरेटोबाटो सिंढी निर्माण | ४००००<br>३००००० |
| २.पासाचौर मरनघाट चिता निर्माण बेनपा १० (नपास्तरीय) | २,००,००० | २.पासाचौर मरनघाट प्रतिक्षालय निर्माण | २००००० |
| १.ढाँड पुछारदेखि बरबोट खानेपानी बेनपा ११ | ३,००,००० | १.मल्किनी,कुसुण्डे,गैराबारी खानेपानी बेनपा ११ | ३,००,००० |
| २.शिद्धमन्दिर थापाडाँडा होमकुण्ड निर्माण तथा विविध कार्यक्रम बेनपा ११ (वडास्तरीय) | ५०,००० | २.सन्तानेश्वर शिव पाञ्चायन मन्दिर होमकुण्ड निर्माण | ५०,००० |
| १.पुरानोकोट झगरिया सडक स्तरोन्नति बेनपा ४ (नपास्तरीय)<br>२.झगरिया मोटरबाटो स्तरोन्नति बेनपा ४ (वडास्तरीय) | ३,००,०००<br>४,५०,००० | १. झगरिया मोटरबाटो स्तरोन्नति (मर्ज गरिएको) बेनपा ४ | ७५०००० |

**निर्णय नं १२ :सवारी साधन सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका सम्बन्धमा ।**

बेसीशहर नगर क्षेत्रभित्र आन्तरिक रुपमा चल्ने हलुका सवारी साधन (तीन पाङ्ग्रे/चार पाङग्रे) सञ्चालन तथा नियमन सम्बन्धी निर्देशिका २०७८ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं १३ : राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम सम्बन्धमा ।**

राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत प्रस्ताव पत्र सहित निवेदन पेश गर्ने देहायका विद्यालयहरुको देहायको कार्यक्रम स्वीकृतिको लागि शिक्षा तथा मावन श्रोत विकास केन्द्र सानोठिमी भक्तपुरमा सिफारिश गर्ने निर्णय गरियो ।

१.अन्नपूर्ण मा.वि. बेसीशहर नपा ५, नाल्मा - ४ कोठे भवन
२.नारायण प्रा.वि. बेसीशहर नपा १० बाँझाखेत- २ कोठे भवन
३.जनविकास मा.वि. बेसीशहर नपा ७, चण्डीडाँडा- आइ.सि.टी.ल्याव व्यवस्थापन
४.जनकल्याण मा.वि. बेसीशहर नपा ११, चितीतिलाहार- प्रयोगशाला सुदृढीकरण कार्यक्रम

**निर्णय नं १४ : गरीबसंग विश्वेश्वर कार्यक्रम (वडा नं २) को कार्यक्रम छनौट सम्बन्धमा ।**

गरीबसंग विश्वेश्वर कार्यक्रम अन्तर्गत चालु आव २०७८।०७९ मा बेसीशहर नगरपालिका वडा नं २ मा वडा समितिको सिफारिश समेतका आधारमा देहायको कार्यक्रम सञ्चालन गर्ने निर्णय गरियो ।

**कार्यक्रम :** ७ वटा समुहका सदस्यहरुलाई गिरीराज कुखुराको चल्ला वितरण कार्यक्रम (बेनपा २)

**बजेट :** रु १२५०००।- (एक लाख पच्चीस हजार मात्र)

**निर्णय नं १५ : कर्मचारी कल्याण कोषमा रकम विनियोजन गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकाको कर्मचारी कल्याण कोषमा आवश्यकताको आधारमा रकम थप गर्ने निर्णय गरियो ।

**निर्णय नं १६ : जिल्ला प्रहरी कार्यालयलाई ल्यापटप र ड्रोन क्यामरा उपलब्ध गराउने बारे ।**

जिल्ला प्रहरी कार्यालयलाई ड्रोन क्यामरा तथा ल्यापटप खरीद गराउन गत बैठकमा १ लाख विनियोजन गरिएकोमा ड्रोन क्यामरा खरीद भै सकेको र ल्यापटप खरीद गर्नु पर्ने भएकोले थप रु ७५ हजार फुटकर शिर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १७ : मालपोत कार्यालयको सुदृढीकरण सम्बन्धमा ।**

मालपोत कार्यालय लमजुङको संस्थागत सुदृढीकरणको लागि सो कार्यालयको पत्र समेतको आधारमा रु २ लाख ५० हजार विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं १८ : नपाको ट्याक्टर फोहरमैला व्यवस्थापनको लागि प्रयोग गर्ने सम्बन्धमा ।**

बेसीशहर नगरपालिकले विगत वर्षमा खरिद गरेको ट्याक्टर फोहरमैला उठाउने कार्यमा मात्र प्रयोग हुने गरी तथा आवश्यक परेका वखत नगरपालिकालाई उपलब्ध गराउने गरी फोहरमैला व्यवस्थापन गर्ने सेवा प्रदायक संस्थालाई शर्तहरु खुलाई सम्झौता गरी हस्तान्तरण गर्ने निर्णय गरियो ।

**निर्णय नं १९ : स्वास्थ्य शाखाको कार्यकक्ष व्यवस्थापन सम्बन्धमा ।**

नगरपालिकामा हाल स्वास्थ्य शाखा रहेको भूईंतलाको कार्यकक्ष साँघुरो भएको हुँदा दोश्रो तलामा समेत पार्टिसन गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं २० : आलेपा शाखा स्थापना सम्बन्धमा ।**

नगरपालिकामा आलेप शाखा स्थापना गरी सञ्चालनमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं २१ : घरभाडा सम्झौताको म्याद थप सम्बन्धमा**

नगरपालिकाको ५ नं वडा कार्यालयको लागि भाडामा लिइएको घरभाडा सम्झौताको म्याद २०७८ मंसिर मसान्तमा समाप्त भएको हुँदा सो सम्झौताको म्याद सोही मितिदेखि लागु हुने गरी २०७९ असार मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

**निर्णय नं २२ : मृत कर्मचारीको सहायता सम्बन्धमा ।**

लमजुङ जिल्ला राइनास नगरपालिका वडा नं ७ धमिलिकुवा घर भई हाल बेसीशहर नगरपालिका वडा नं ९ को वडा सचिव (सहायक पाचौं) पदमा कार्यरत ईश्वरीप्रसाद चिलुवालको मिति २०७८ मंसिर २९ गते असामयिक निधन हुन पुगेकोले वहाँप्रति भावपूर्ण श्रद्धाञ्जली तथा परिवारजनमा गहिरो समबेदना प्रकट गर्नुका साथै मृतकको परिवारलाई रु. १ लाख आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २३ : एम्बुलेन्स चालकको सुविधा सम्बन्धमा ।**

कोभिड संकटको समयमा विरामीहरुलाई अस्पताल ल्याउने लैजाने तथा स्वाब परीक्षणका लागि जिल्ला बाहिर जाने आउने कार्यमा खटेवापत एम्बुलेन्स चालकलाई अतिरिक्त मासिक रु. २० हजार थप सुविधा उपलब्ध

गराउँदै आइएकोमा निजले २०७८ साउन, भदौ र असोजमा समेत उक्त कार्य गरेको पाइएको हुँदा यी तीन महिनाको समेत अतिरिक्त सुविधा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं २४ : नीजि मोटरसाइकल मर्मत सम्बन्धमा ।**

नगरपालिकाका कर्मचारीहरुले कार्यालयको काममा प्रगोग गरिरहेका नीजि मोटरसाइकलहरुको मर्मत सम्भारको सम्बन्धमा बार्षिक रु. १० हजार सम्मको मर्मत खर्च नगरपालिकाबाट व्यहोर्ने निर्णय गरियो ।

**निर्णय नं २५ : क्षतिपुर्ति दिने सम्बन्धमा ।**

कार्यस्थलमा काम गर्न जाने क्रममा बेसीशहर नगरपालिकाको जेसिवीले ग ३ च ४५९ नम्बरको बोलेरो जीपलाई ठक्कर दिन पुगी सो जीपमा सामान्य क्षति पुग्न गएको हुँदा जीपधनी शंकर बस्नेतलाई नियमानुसार क्षतिपुर्ति दिने निर्णय गरियो ।

**निर्णय नं २६ : नगरप्रहरीको पोशाक सम्बन्धमा ।**

नगरपालिकामा कार्यरत नगरप्रहरीहरुलाई प्रति गोटा ३ हजार बराबरको एक/एक वटा ज्याकेट उपलब्ध गराउने निर्णय गरियो ।